स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



स्वर्गीय निर्देशक शिव रेग्मीले लेखेका थुप्रै गीतहरूमध्ये 'पाहुना' कालजयी मानिन्छ। सन् २००३ मा प्रदर्शन भएको फिल्म 'पाहुना'मा उक्त गीत समावेश थियो। यही गीतलाई नयाँ एरेन्जमेन्टसहित निर्देशक रेग्मीकै भान्जी एकता पौडेलले आफ्नो पहिलो निर्देशकीय फिल्म 'हर्ष'मा समावेश गरेकी छन्। यो गीत सोमबार युट्युबमार्फत सार्वजनिक गरिएको छ।

**आजको विचार...**



सरकारको... (दुई पेजमा)

मनोजकुमार कर्ण

हरेक सोमबारझैं आज पनि चलचित्र विकास बोर्डले प्रदर्शनरत चार फिल्मको बक्स अफिस रिपोर्ट सार्वजनिक गरेको छ। जसमा नीर शाह स्टारर फिल्म 'परान'ले घरेलु बक्सअफिसमा १६ करोडभन्दा धेरै कमाइ गर्न सफल भएको देखिन्छ। सिनेपाः बक्स अफिसमा पछिल्लो शनिबारसम्मको सार्वजनिक रिपोर्टले 'परान'ले १६ करोड १६ लाख ७७ हजार ५५८ नेरु ग्रस कलेक्सन गरेको उल्लेख छ। बक्सअफिसमा सार्वजनिक सूचीमा 'परान'पछि।



❒ वर्ष ३१ अंक १२७ ❒ २०८२ मंसिर १८ गते बिहीबार 4 December 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### पाल्पाबाट अवैध युरिया मल बरामद

**हाम्रा संवददाता**

**पाल्पा,** मंसिर १७ / पाल्पामा ६० क्विन्टल अवैध युरिया मल बरामद भएको छ । जिल्लाको बगनासकाली गाउँपालिका- ३ आर्यभञ्ज्याङस्थित सिद्धार्थ राजमार्ग सडक खण्डमा प्रहरीले चेकजाँच गर्ने क्रममा उक्त परिमाणमा अवैध मल बरामद गरेको हो ।

स्याङ्जाबाट बुटवलतर्फ जाँदै गरेको लु.प्र. ०१-००१ ख ०९५९ नम्बरको मिनी ट्रकलाई रोकी चेक जाँच गर्दा ६० क्विन्टल मल बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक कुशल सिंह ठकुरीले जानकारी दिए । उनले भने "विना विल बिजक मल ल्याइएको छ , जहाँ कृषक युरिया वितरक कृषि सामग्री कम्पनी लिमिटेड कुलेश्वर काठमाडौं लेखिएको छ ।" नियन्त्रणमा लिएको अवैध मल, ट्रक र ट्रक चालक सहित आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय रुपन्देही पठाईएको प्रहरी निरीक्षक ठकुरीले जानकारी दिए ।

## नेपाल पंक्षी संरक्षण सञ्जालको राष्ट्रिय कार्यशाला गोष्ठी

# चरा संरक्षणमा चासो : सातै प्रदेशका संरक्षणकर्मी पाल्पामा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर १७ / पछिल्लो समय चराहरु लोप हुँदै जान थालेपछि संरक्षणकर्मीहरुले संरक्षणमा चासो देखाएका छन् । जथाभावी प्राकृतिक दोहन, जलवायु परिवर्तन, कृषि बालीमा प्रयोग गरिने विषादी,रासायनिक मलको प्रयोग, जल तथा वायु प्रदूषणलगायतका कारणले चराहरू लोप हुने अवस्थामा पुग्न थालेपछि संरक्षणकर्मीहरुले चासो देखाएका हुन् ।

उनीहरुले गोष्ठी, छलफल र फिल्ड स्टडी गरी चरा संरक्षणमा चासो देखाएका छन् । बुधबार पाल्पाको तानसेनमा चरा संरक्षण गर्ने उद्देश्य राखेर राष्ट्रिय कार्यशाला गोष्ठी भएको छ । अधेरी छरछरे सामुदायिक वन उपभोक्ता समिति दमकडा , खैरेनी सामुदायिक वन रामपुर पाल्पाको आयोजना र नेपाल पंक्षी संरक्षण संघको सहयोगमा चरा संरक्षणका लागि नेपाल पंक्षी संरक्षण सञ्जालको राष्ट्रिय कार्यशाला गोष्ठी भएको हो । गोष्ठीमा सहभागी हुन सातै प्रदेशका चरा संरक्षणकर्मीहरु यहाँ आएका छन् ।



उनीहरुले सरोकारवाला निकायसँग छलफल र चराहरुको अहिलेको अवस्थाका बारेमा जानकारी गराएका छन् । गोष्ठीमा सहभागीहरुले लोप हुँदै जान थालेका चराहरुको संरक्षणमा सबैले चासो देखाउनुपर्नेमा जोड दिएका छन् । उनीहरुले मानविय कारणले नै चराहरु संकटको अवस्थामा रहेको भन्दै त्यसको संरक्षण पनि मानवले नै गर्नु पर्ने बताए । कार्यक्रममा डिभिजन वन कार्यालय पाल्पाका वरिष्ठ वन अधिकृत मोहनप्रसाद श्रेष्ठले वातावरण र चरा संरक्षणमा गोष्ठीले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले समुदायस्तरमा सचेतना जगाउन सके चरा संरक्षण गर्न सकिने बताए । प्रमुख अतिथि समेत रहेका श्रेष्ठले बजेट अभावका कारण डिभिजन वन कार्यालयबाट चरा संरक्षणका लागि छुट्टै कार्यक्रम नभएको तर गिद्ध संरक्षणमा वन उपभोक्ता समितिहरुसँग मिलेर काम गरेको बताए । सामुदायिक वन उपभोक्ता महासंघ पाल्पाकी सचिव लक्ष्मी ज्ञवालीले पशु पंक्षी संरक्षण गर्नु अहिलेको आवश्यकता रहेको उल्लेख गर्दै आफुहरुले यी क्षेत्रमा काम गर्दै आएको बताईन् । नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले चरा, वातावरण र मानिसबिच अन्याश्रित सम्बन्ध रहेकाले चरा र वातावरण संरक्षणमा सबैले चासो देखाउनुपर्ने बताए । उनले चरा लोप हुँदै गर्दा मानव जीवन नै संकटमा पर्ने भएकाले यसतर्फ ध्यान दिन आवश्यक रहेको बताए । सचिव रायमाझीले भने" चरा संरक्षणका लागि समुदाय र विद्यालयस्तरमा पुगेर सचेतनाका कार्यक्रम गर्न जरुरी छ । यसतर्फ नेपाल पंक्षी संघले स्थानीय सरकारसँग समन्वय गरेर जानुपर्छ ।" कार्यक्रममा नेपाल पंछी संरक्षण संघका प्रमुख कार्यकारी अधिकृत इशाना थापाले संस्थाको परिचय, चराको लागि महत्वपूर्ण क्षेत्रहरु ,आगामी कार्यक्रम तथा प्रजातीहरु संरक्षणमा चालिएका विभिन्न कदमका बारेमा जानकारी गराएकी थिइन् । सोही अवसरमा गुल्मीमा चरा संरक्षण तथा जिवीकोपार्जन सहयोग परियोजनाका अधिकृत शम्भु भट्टराई र रेसुङ्गा, मदाने, थाप्ले सत्यवती वन संरक्षण क्षेत्र गुल्मीका परियोजना अधिकृत नवराज पोखरेलले गुल्मीमा पाइने चराहरुको अवस्था, चुनौतीका बारेमा जानकारी गराएका थिए । यस्तै विसिएनका वरिष्ठ अनुसन्धान अधिकृत किरण गोसाइले नाम्खा गाउँपालिका हुम्लामा पाइने कालीकण्ठ सारसको अवस्था, चुनौतीका बारेमा प्रस्तुती राखेका थिए । अधेरी छरछरे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लोकनाथ घिमिरेको अध्यक्षता, खैरेनी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष छायाँप्रकाश पंगेनीको स्वागत, छरछरे वनका सल्लाहकार निरञ्जन भुसालको सञ्चालनमा गोष्ठी कार्यक्रम भएको थियो ।

## उधौली पर्व र योमरी पुन्ही मनाइँदै

**पाल्पा,** मंसिर १७/आज उधौली पर्व र योमरी पुन्ही देशभर मनाइँदै छ । विशेषगरी मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन किराँत समुदायले उधौली पर्व र नेवार समुदायले योमरी पुन्ही धुमधामसँग मनाउँछन् । किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि आृनो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनको रुपमा उधौली पर्वलाई लिने गर्दछन् भने नेवार समुदायले नयाँ धान भित्र्याएको खुशीयालीमा योमरी पुन्ही मनाउने गर्दछन् ।देशभरका नेवार समुदाय मंगलबार घर-घरमा योमरी (एक प्रकारको रोटी) पकाएर योमरी पुन्ही (पूर्णिमा) मनाउँदै छन् । नेपाल भाषामा यो को अर्थ मनपर्ने र मरी को अर्थ रोटी हो । यस अर्थमा योमरीको अर्थ मनपर्ने रोटी हो । विशेष प्रकारले बनाइने यो रोटीभित्र चाकु र तिलको मिश्रणसहित खुवा, मुगींको लिटो राखिन्छ । यो पूर्णिमाको विशेषता नै योमरी पकाएर खानु हो । त्यसकारण यस दिन अन्य पूर्णिमा जस्तो भोज खाइँदैन । बरु योमरी खाइन्छ । चामलको पिठोलाई मनतातो पानी हालेर मुछी विशेष आकारमा योमरी तयार गरिन्छ । पानीको बाफबाट यसलाई उसिनेर पकाइन्छ । धेरैजसोले त्रिकोण आकारमा योमरी बनाउँछन् । वर्षको पहिलो धानको चामलबाट पिठो तयार गरी योमरी बनाइन्छ । यो पर्वका दिन नेवार समुदायमा विशेष उल्लास हुन्छ । यस क्रममा घरका महिला सबेरै उठेर नुहाउँछन् । बालबालिका यो दिन मिठोमसिनो खाएर रमाउँछन् । यो पूर्णिमा एक दिनमै सकिँदैन । पर्वको चार दिनपछि विवाहि छोरीहरूलाई बोलाएर लक्ष्मीको प्रसादको रुपमा योमरी बाँडिन्छ, भोज खुवाइन्छ । योमरीका साथ भोज खुवाउने चलन अहिले पनि नेवार समुदायमा छ । पर्वका दिन योमरी खाने, बाँड्ने र पूजा गर्ने चलन छ । यस पूर्णिमालाई धान्य पूर्णिमा पनि भनिन्छ । आजका दिन किरात समुदायले उधौली पर्व पनि मनाउँदै छन् । यस दिन खेतीपाती राम्रो भयो, काम सकियो, अब अन्नको सह बसोस् खाद्यान्नको अभाव नहोस् भनी भूमेस्थान र साकेलास्थानमा पूजा गरी उधौली पर्व मनाउनेपरम्परा रहेको छ । वैशाख शुक्ल पूर्णिमाका दिन गर्मी छल्न उँभो गई उभौली पर्व मनाएको किरात समुदायले आजैदेखि जाडो छल्न उँधो झर्ने भएकाले यो पर्वलाई उधौली भन्ने गरिएको सामाजिक मान्यता छ ।

## गौ पालनको लागि रिडीमा धान्याञ्चल महायज्ञ हुँदै

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर १७ / गौ पालनका लागि रिडीमा धान्याञ्चल महायज्ञ हुने भएको छ । यही मंसिर १९ गते देखी २५ गते सम्म रुरु गौ सेवा आश्रम तानसेन -१४ कुसेनी रुरु क्षेत्र धाम रिडीमा एक हप्ते भविष्य पुराण धान्याञ्चल महायज्ञ हुन लागेको हो ।

रुरु गौं सेवा आश्रममा रहेका १ सय ३५ वटा स्थानीय गाईहरुको पालन, पोषण, हेरचाहको लागि वार्षिक रुपमा खर्च जुटाउनको लागि महायज्ञ सञ्चालन गर्न लागिएको यज्ञ मुल आयोजक समितिले तानसेनमा पत्रकार सम्मेलन गरी जानकारी गराएको छ । आश्रमकले विगत ५ बर्ष देखी निरन्त गौ पालन गर्दै आएको छ । रुरु धाम रिडि क्षेत्रमा छाडा छोडिएका करीव २ सय गाईहरुको व्यवस्थापन गरी गौ पालन सेवा सुरु गरेको हो । योगाचार्य महिला बाचिका सरितानन्दी माताजी प्रमुख बाचक रहेको महायज्ञमा प्रथम महिला जगदगुरु शंकराचार्य माता हेमानन्द गिरीजी महाराजको विशेष सहभागिता रहने छ । महायज्ञमा भक्तजनहरुले गाई



पालन पोषणको लागि आवश्यक पर्ने, घास, पराल, दाना, धान, मकै तथा नगद दान गर्न सक्ने छन् । एक गाईको पालन पोषणको लागि मासिक खर्च २ हजार १ सय लाग्ने भएकाले सोही अनुसारको दान गरी पुन्य कमाउन यज्ञ मुल आयोजक समितिले सबैमा अनुरोध गरेको छ । महायज्ञमा दैनिक भजन प्रतियोगिता, दीपोत्सव, करोडौ दीप प्रज्वलन, दैनिक निशुल्क भण्डारा गौ, महाआरती टाढाबाट आउने भक्तजनहरुलाई खान बस्ने सुविधा रहेको आश्रमका मुल संरक्षक शंकर गिरीले बताए । महायज्ञ मुल आयोजक समितिले भजन प्रतियोगितामा प्रथम हुनेलाई २५ हजार, द्धितिय हुनेलाई १५ हजार, तृतिय हुनेलाई १० हजार र सान्त्वना हुनेलाई ५ हजारको पुरस्कार समेत व्यवस्था गरेको छ ।हिन्दु धर्मालम्वीहरुको लागि जन्मदेखी मृत्युसम्म गाईको आवश्यकता पर्ने भएकाले विभिन्न परिस्थितीको कारण हेला भएका गाईहरुको संरक्षण गरी गाईको बारेमा जनचेतना जगाउने, गाईको दुध, दही,मही, घिउको महत्व बारे प्रचार गर्ने, गोवर तथा गौमुत्रको प्रयोग बारे जनचेतना जगाउने आश्रम सक्रिय भएर लागेको आश्रमकी अध्यक्ष राजु राणा मल्लले बताईन । गौ सेवा आश्रम सञ्चालन भएदेखी नै पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङ्जाका विभिन्न क्षेत्रमा छाडा छोडिएका गाई गोरुको व्यवस्थापन तथा पालन पोषणले विगतका बर्षहरुमा अर्गली क्षेत्रमा कृषकहरुले रातदिन खेतीपाती कुरेर बस्नु पर्ने बाध्यता हटेको आश्रमकी उपाध्यक्ष सिता ज्ञवालीले बताईन । पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले गौ सेवा आश्रमलाई सञ्चालनको लागि प्रचार प्रसारमा पत्रकारहरुको पूर्ण सहयोग रहने प्रतिवद्धता जनाए । गौ पालनको लागि वार्षिक ४० देखी ५० लाख खर्च रहेकोले महायज्ञबाट खर्च कटाएर कम्तीमा पनि २० देखी ३० लाख आम्दानी गर्ने लक्ष्य रहेको आश्रमका मुल संरक्षक गिरीले बताए । गाई पालनकै लागि वार्षिक रुपमा महायज्ञ सञ्चालन गर्नुपर्ने बाध्यता रहेको उनले बताए । आश्रममा रहेका लैनो गाई ५ हजारमा जुनसुकै बेला पनि किन्न पाउने र दुध दिन छोडेपछि पुनः आश्रममा ल्याएर बुझाउन पाउने व्यवस्था रहेको गिरीले बताए । आश्रममा प्रन्धदेखी विस वटा गाई दुहुना हुने गरेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## उधौली र योमरी पुन्हीको सन्दर्भ

उधौली एक नेपाली पर्व हो । नेपाल संवत् अनुसार हरेक मंसिर शुक्ल पूर्णिमाका दिन यो पर्व मनाइने गरिन्छ । यस वर्षको पर्व आज परेको छ । विशेषगरी किराँत समुदायले उधौली पर्व धुमधामसँग मनाउँछन् । किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि आफ्नो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनको रुपमा उधौली पर्वलाई लिने गर्दछन् । बाली लगाउने बेलामा भने किराँत जातिमा उभौली अर्थात् यावा पर्व मनाइने चलन छ । किराँतहरुको महान चाड साकेलाको दुईवटा पर्विय पक्षहरु उगौली र उधौली हुन् । उँगो भन्नाले ठेट नेपाली शब्दमा माथि भन्ने र उँधो भन्नाले तल बुझ्ाउँदछ । ठेट नेपाली गीत अनि शब्दावलीहरुमा उँगो र उँधो शब्दको पर्याप्त प्रयोग भएको पाइन्छ । तल माथि या प्रगती अनि दुर्गती लगायत शुरु या अन्त्य जनाउन उँगो र उँधो शब्दको प्रयोग भएको पाइन्छ । किराँती मान्यता अनुसार हिउँद शुरु भएलगत्तै लेकबाट वस्तुभाउ अनि चराचुरुङ्गी लेकबाट बेसीतिर बसाई सर्ने समय भएको संकेतका रुपमा यस पर्वलाई लिइन्छ । साथै अन्नबाली भित्र्याइएको खुशीयालीमा पनि यो पर्व मनाइन्छ ।

अर्कोतर्फ आजकै दिन नेवार समुदायले योमरी पुन्ही धुमधामसँग मनाउँछन् । नयाँ धान भित्र्याएको खुशीयालीमा नेवार समुदायले योमरी पुन्ही मनाउने गर्दछन् । यो नेवार समुदायको प्रचलित खाना योमरीसँग जोडिएको छ । योमरी दिन र रातसँग पनि जोडिएको पाइन्छ । बाहिरको चामलको सेतो र भित्रको कालो भागलाई उज्यालो र अँध्यारोको प्रतिकसमेत मानिन्छ । योमरी एक मात्र यस्तो खानेकुरा हो, जसलाई सम्पूर्ण नेवार समुदायका मानिसले एकै ठाउँमा बसेर खान्छन् । योमरी पुन्हीको दिन सबै जातका मानिस एकै ठाउँमा बसेर भोजन गर्छन् । त्यो दिन जाति र समुदायबीचमा कुनै भेदभाव गरिँदैन । योमरी सित्तैमा खाइँदैन । सबैले पैसा तिरेर खाने भएकाले त्यसबाट उठेको अधिकांश रकम समाजसेवामा खर्च गर्नुपर्ने मान्यता रहेको छ । नेपाली मौलिक संस्कृतिसँग जोडिएका यि पर्वहरुको आ–आफ्नै सांस्कृतिक महत्वसँगै सन्देश प्रवाह गरेका हुन्छ । यसर्थ यि पर्वहरुले एकताबद्ध भई आपसी सद्भाव तथा भातृत्व अभिवृद्धि गरी देशमा शान्ति र सु–व्यवस्था स्थापना गर्ने सन्देश प्रवाह गर्दछन् ।

## Opinion @ Socia Network

कुनै विकल्प नछोडी चारैतिरबाट असफलताको घेरवारले घेरेको बेला सल्लाह दिने होइन नि मित्र साथ दिनेको खाचो परेको हुन्छ ।

*(माया सारुको **फेसबुक स्टाटसबाट** www.facebook.com/Maya.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकारको उच्च शिक्षा नीति नै गलत



**मनोजकुमार कर्ण**

> *सरकारले नयाँ राजदूत नियुक्ति गर्ने हैसियत नराख्दै अदालतको आदेशविपरीत गएर विभिन्न एघार देशबाट नेपालका राजदूतलाई आत्मतुष्टि लिनेबाहेक लोकतन्त्रमा विश्वास गर्ने कसैले राम्रो मानेको छैन ।*

नेपालमा जेन-जी आन्दोलन मिति २०८२ भदौ २३ गते र भोलिपल्ट सो विद्रोहमा गैह्रजेन-जीको घुसपैठ भएका घटनाको जगमा सोही भदौ २७ गते निर्मित वर्तमान सुशीला कार्की सरकारको मुख्य म्याण्डेट नै प्रस्तावित मिति २०८२ फागुन २१ गते आमनिर्वाचन गराएर सत्ताहस्तान्तरण गर्नु हो । यस सरकारले निर्वाचन आचारसंहिताको हवाला दिएर दलका नेताको मुख थुन्ने काम त गर्छ तर आफू चुनावी सरकारमात्र रहेकाले देशमा दूरगामी महत्वका निर्णय गरिनुहुन्न भन्ने सामान्य तथ्यसमेतलाई नमानेर विभिन्न अध्यादेश ल्याउने, अदालतको भावनाविपरीत गएर विभिन्न देशबाट नेपाली राजदूतलाई फिर्ता बोलाएर उता दूत खाली राखेर नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठामा धक्का लगाउने अनि सरोकारवालासँग विनासार्वजनिक व्यापक बहस नगरिकन हठात् केही मान्छेको जोडबलमा त्रिभुवन विश्वविद्यालय जस्तो केन्द्रीय विश्वविद्यालयको समेत कुलपति अब प्रधानमन्त्रीबाट बोर्ड अफ् ट्रष्टिजमार्फत् व्यक्ति विशेषलाई बनाउनेसम्मको अस्वाभाविक र दूरगामी असर पार्ने काम गरिरहेका छन् । यस्ता धेरै काम यस सरकारका यस्ता देखिन्छन्, जुन संविधान, कानुन, विधिको शासनलाई चुनौती दिने खालका छन् । यसले देशमा सुशासन र शान्ति सुव्यव्यस्थाको ठाउँमा अराजकता, भ्रष्टाचार र अशान्ति मात्र मच्चाउने छन् । यसै सन्दर्भमा कार्की सरकारका शिक्षा मन्त्रालयले केवल एक खाले, एक विचारका दशजनाको समूह बनाएर गर्न लागेको त्रिविमा कुलपति परिवर्तन, त्रिविको जग्गा तथा अचल सम्पत्ति छानविन समिति, २०८१ को प्रतिवेदनलाई स्वयंले क्याबिनेट डिसिजन गरेर सार्वजनिक गरी सरकारले नै प्रतिवेदनको विपरीत गइरहेको तर अन्यलाई भने यसोउसो गरिस् भनेर अख्तियार दुरुपयोग आदिबाट पत्र पठाएर तर्साउने आदि कार्यले गर्दा अब त्रिविको अस्तित्वमा असर त गर्दैन कतै भन्ने गम्भीर सवाल पैदा भएकाले यो लेख यसै आलोकमा रहेर तयार पारिएको हो ।

सरकारले प्रतिवेदनलाई आफैंले मानेन वर्तमान जेन-जी उपजको कार्की स्वयं पूर्वप्रधानन्यायधीशको विगत राख्नुभएकीले विधि, कानुन, संविधान मान्ने लोकतान्त्रिक जनतामा सकारात्मक आशा यस सरकारबाट पलाएको थियो । तर व्यवहारमा एकपछि अर्को गरी सबै क्षेत्रमा जायज ठाउँमा पनि संविधानको धज्जी उडाउने काम यस सरकारबाट भइरहेकाले जनतामा चिन्ता र निराशा थपिएका छन् । सरकारले नयाँ राजदूत नियुक्ति गर्ने हैसियत नराख्दै अदालतको आदेशविपरीत गएर विभिन्न एघार देशबाट नेपालका राजदूतलाई फिर्ता बोलाउँदा आत्मतुष्टि लिनेबाहेक लोकतन्त्रमा विश्वास गर्ने कसैले राम्रो मानेको छैन । वास्तवमा जेनजी विद्रोहपछि गत भदौ २७ गते सरकार बनाइँदा संविधान र संसद्लाई टेकेर हालकै मान्छेलाई, श्रीलंकाको जेन-जी आन्दोलनपछि बनेको सरकारको नमुना टेकेर, दिँदा आज सरकारको स्वेच्छाचारिता बढ्न नगई सरकार संविधान र संसद्प्रति जिम्मेवार हुन बाध्य हुन्थ्यो तर धैर्य नहुँदा अथवा जानीजानी भाँडभैलो मच्चाउनलाई बंगलादेशमा भएको जेन-जी आन्दोलनपछि संविधान र संसद्लाई नटेकेर सडकबाट टिपेर टप्परटुइयाँलाई सरकार बनाएको मोडल नेपालमा समात्दा त्यहाँ जस्तै नेपालमा पनि आज सरकारदेखि जनतासम्म अराजकता देखिन्छ, सरकार कसैकोप्रति पनि जिम्मेवार छैन । र, सरकार वा, शक्तिमा रहेर जो जहाँबाट जति सक्छ, त्यति पदको दुरुपयोग गरेर निजी स्वार्थ पूरा गर्दैछ । यो देशको स्वास्थ्यको लागि हानिकारक हो । त्रिविमा सरकारी मनोमानीको थप उदाहरण तल हेरौं । कार्की सरकारको शिक्षा मन्त्रालयले क्याबिनेट निर्णयबाट त्रिविको जग्गा तथा अचल सम्पत्ति छानबिन समिति, २०८१ को पहिलो चरणमा काठमाडौं उपत्यकाको त्रिविको जमिन अतिक्रमणबारे प्रतिवेदन सार्वजनिक गऱ्यो तर सो प्रतिवेदनमा स्वयं मन्त्री महावीर पुनको संस्था राष्ट्रिय अविष्कार केन्द्र, चाइनिज एकेडेमी अफ् सायन्सेज र त्यसको शाखा काठमाडौं सेन्टर फर रिसर्च एण्ड एजुकेसनलगायत धेरै संस्था कीर्तिपुर परिसरमै अनधिकृत रूपमा कब्जा जमाएर बसेका बारे चर्चा नै गरिएन । त्यस्तै, क्रिकेट एसोसिएसन नेपाल र त्रिविबीच आउँदो वैशाखमा सम्झौता अवधि नै टुंगिन जाँदा र उक्त प्रतिवेदनको पृष्ठ १६३ को परिच्छेद ६ सुझाव, निष्कर्ष भन्ने पाठमा बकाइदा उपबुँदा नं.३ मा त्रिविको क्रिकेट रंगशाला सानो स्तरमा विद्यार्थीको स्वास्थ्यका लागि हो, यसलाई अन्तर्राष्ट्रियस्तमा विस्तार गर्न नहुने, पठनपाठनको वातावरण बिगारेकाले त्रिविले यस रंगशालालाई अन्यत्र सार्ने निर्णय गर्नुपर्ने र रंगशालालाई हटाइनुपर्ने देखिन्छ । यसविपरीत मन्त्री कुलमान घिसिङले प्रतिवेदन सार्वजनिक भएपछि उल्टै थप दश अर्ब रुपैयाँ थप्ने त्यहाँ भनेर एनपिएल सोको उद्घाटनमा स्वयं प्रधानामन्त्री कार्की जान्छिन् अनि शिक्षामन्त्री खुशी हुन्छन् भने कसलाई सरकारको गैह्रजिम्मेवारपनबारे बताउने र कहाँ ? सवाल, उठ्छ । कि त्रिवि परिसरमा पढ्ने, अनुसन्धान गर्ने कि सरकारले क्रिकेट खेलाएर पैसा कमाउन व्यसाय गर्ने ? व्यवसाय गर्नलाई मूलपानी वा चितवनतिर नगई त्रिवि परिसर नै किन चाहियो ? यो त एमाले नेतृत्वको निवर्तमान केपी ओली सरकारको प्राथमिकताको विषय रहँदा धेरै मन्त्रालयका सचिवहरूले त्रिवि पदाधिकारीलाई फोन गरेर दबाव बढाउँदा हाल वर्तमान सरकारमा पनि सचिवहरूको फोन दबावस्वरूप नरोकिँदा सरकार जेन-जी उपज कार्कीकै हो कि अदृश्यरूपमा एमालेको ?

**बेलायत, अमेरिका र भारतमा कस्ता कुलपति ?**

भारतमा सरकारी प्रायः क्याम्पसका कुलपति उपराष्ट्रपति हुने व्यवस्था छ । त्यहाँको उपराष्ट्रपति नेपालको जस्तो शक्तिहीन र फुर्सदिला नभई पदेन राज्यसभाका अध्यक्ष हुन्छन् र सरकारलाई असर पार्ने पदमा हुन्छन् । अर्थात् उनको कुनै युनिभर्सिटी वा उच्च शिक्षाबारे सुझावलाई सरकारले टेर्नुपर्छ । बेलायतमा यदि विश्वविख्यात एक इडिनबर्ग युनिभर्सिटी, जहाँबाट त्रिविका पूर्वभिसी प्राडा.तीर्थराज खनियाँले पोष्ट डक्टरेड गरेका हुन्, उनको कुरा गर्ने हो भने महारानी एलिजाबेथ कुलपति थिइन् भने खनियाँकी छोरी जसले अनुसन्धान र पठनपाठनका लागि सरकारबाट रकम पाउन सजिलो बनाएको छ । फेरि यस युनिभर्सिटीकी कुलपति निरन्तर निकै वर्षदेखि एउटै मान्छे हो । कतै पनि दलगत राजनीतिक हस्तक्षेप भएको छैन त नेपालमा हुनेजस्तो । लण्डनस्थित टाइम्स हायर एजुकेशन म्यागजिनमा प्रायः प्रथम स्थानमा रहन सफल अमेरिकी हार्वर्ड युनिभर्सिटीको कुरा गर्ने हो भने त्यहाँ दि वेइस्ट ल्याण्ड कविताका कवि टिएस इलियटका आफन्त भाइ चार्ल्स विलियम इलियटले निरन्तर चालीस वर्ष नेतृत्व दिएका थिए । हार्वर्डको सफल नेतृत्व दिन सफल सिडब्लु इलियटको नब्बेऔं जन्मदिन मनाउन अमेरिकाका दुई पूर्वराष्ट्रपति जाँदा फ्रैंक्लिन डी रुजवेल्टले हामीले त राष्ट्रपति हुँदा यस देशमाथि प्रहार गऱ्यौं, यसलाई भत्कायौं भनेर गर्व गरी भाषण गर्छौं तर तपाईंले त हार्वर्डमार्फत् यो बनाएँ, त्यो खडा गरेँ भनेर मानवसभ्यताको विकासको मात्र कुरा गर्नुभयो भनेर प्रशंसा गरे । उनै हार्वर्डका भिसी अथवा, प्रेसिडेन्ट इलियटलाई विश्वका धनी रक फेलरले मेरो लगानीमा एउटा युनिभर्सिटी खोलिदिनुस् र कति पैसा पर्छ भन्नुस् भन्दा उनले युनिभर्सिटी खोलिँदैन, अपितु बनाइन्छ, तपाईं यति अर्ब डलर दिँदा पचास वर्ष दिनुस् भने । पछि तोकिएको रकमको दोब्बर दिने शर्तमा उनले पच्चीस वर्ष समय आधी गरेर अर्को सफल सिकागो युनिभर्सिटी भौतिक रूपमा खडामात्र नगरेर विश्वमा नाम चलाउने गरी बनाएर देखाइदिए । यदि चीनको कुरा गर्ने हो भने चिनियाँ सरकारले थपमा कयौं युनिभर्सिटी खोलिदिएर तपाईंहरूलाई जति पैसा चाहिन्छ हामी दिन्छौं तर टाइम्स हाइयर एजुकेशन म्यागजिन जस्तोमा टप टेनमा पार्नुस् भनेर उच्च शिक्षामा भरमार रकम खन्याएको छ । यही कुरा आर्थिक रूपले कमजोर पाकिस्तान समेतले गरेको छ । माथिको वर्णनबाट के प्रष्ट हुन्छ भने युनिभर्सिटी खोलिने नभई बनाइने हो, युनिभर्सिटी बनाउनलाई रकम चाहिन्छ, सरकारले उच्च शिक्षामा ठूलो लगानी गर्नुपर्छ, युनिभर्सिटीमा लगानी भित्र्याउनलाई सरकारले उच्च शिक्षाको जानकार मान्छे र भिजन भएकालाई एक- दुई कार्यकाल नभनी उसले राम्रो गरुन्जेल नेतृत्वमा छोडिदिनुपर्छ जस्तै कि त्रिविमा त्रिवि भिजन २०२०-२०३० बनाउने भिसी तीर्थराज खनियाँ हुन् तर जागिर उनीपछि भिसी बनेर जसले खाए पनि त्रिवि अधोगतितर्फ नै गएछ तर माथि गएको छैन, युनिभर्सिटीको कुलपति सरकारको कार्यकारी शक्ति निहित मान्छे वा सरकारलाई रकम निकासामा दबाब दिनसक्नेलाई चयन गरिनुपर्छ । नेपालमा एक्सपेरिमेन्टको नाममा समय बिताउने छुट हामीलाई छैन किनकि त्यतिकै प्रतिदिन हाम्रा युवाहरू विदेश पलायन भइरहेका छन् । यो तत्काल धेरै कारणले रोकिनुपर्छ किनकि त्रिविको कुलपति प्रम सरकारको कार्यकारी शक्ति रहेको त्यसलाई रकम निकासा दिने मान्छे नै चाहियो, त्रिवि नेपालको उच्च शिक्षाको झण्डै असी प्रतिशत भार बोकेको युनिभर्सिटीलाई बिना कुनै स्रोतसाधन आज नेताको लहडमा खुलिराखेका नयाँ युनिभर्सिटीजस्तो गैह्रजिम्मेवार व्यवहार गर्न मिल्दैन अनि त्रिविलाई एक्सपेरिमेन्ट गरेर नयाँ कुलपति साधारण व्यक्ति भोलि तलब पनि खुवाउनलाई सरकारको ताबेदारी एउटा युजिसी अध्यक्षले गर्नुपरे जस्तो पारिएर त्रिविलाई समाप्त पारेर, बन्द गरेर यसका स्रोतसाधनबाट नयाँ खुलेका पसलसरी युनिभर्सिटीलाई थामिदिने कुरो हुँदैन ।

वास्तवमा हार्वर्ड, एडिनबर्ग, सिकागोलगायत चीन, भारत आदि देशको चर्चाबाट त यही बुझिन्छ कि नेपालमा नेताको चाहना अनुसार बिनास्रोत र साधन युनिभर्सिटी किमार्थ नखोलियोस् अब । बरू, त्रिविको पुनर्संरचनाबाट यहाँको उच्च शिक्षाको उँभो लगाइयोस्, सरकारले कुनै राजनीति र कन्जुस्याइँ नगरी उच्च शिक्षामा भरपूर लगानी गरेर प्रतिफल खोजोस् । अन्य युनिभर्सिटीमा जे गरे पनि केन्द्रीय त्रिविमा भने सरकारले आफ्नो दशजनाको केवल वामपन्थी प्राध्यापकको टिमको भरमा कुलपति प्रमबाट साधारण व्यक्तिमा झार्ने गलत कार्य सरोकारवालासँग व्यापकबिना कुनै सार्वजनिक बहस गर्दै नगरोस् । नत्र, यो सरकारले नै नेपालको उच्च शिक्षा प्लानवाइज् ध्वस्त सरकारी तबरबाटै सुरुवात गरेको अर्थ लगाइनेछ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** :काममा राम्रो सुरुवात हुनेछ। अन्त्यमा सोचेजस्तो नतिजा नआउन सक्छ ।

**बृष** : व्यापारमा लाभको स्थिति रहेको छ। कार्यक्षेत्रमा मनमुटाव सुल्झिनेछ।

**मिथुन** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। प्रेम सम्बन्धमा सुधार हुनेछ।

**कर्कट** :दैनिक आवश्यकता पूरा हुनेछन्। भने मिहिनेतको फल प्राप्त हुनेछ ।

**सिंह** :अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौकाछ।

**कन्या** : चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्।

**तुला** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ ।

**बृश्चिक** : मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ ।

**धनु** : व्यापार लगायत आर्थिक लाभ हुने काममा जुट्ने समय छ ।

**मकर** :शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलतालेराम्रै उपलब्धि दिलाउनेछ।

**कुम्भ** :बाहिरी काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुपर्ला ।

**मीन** :विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति सोचेजस्तो सहज नरहला ।




एकाङ्की ● युगल बसेल

# भागबण्डाको विवाद

*स्थान : बाँगीखोलाको सेरा भनिने ठाउँ*
*पात्र : विभिन्न उमेर र बान्कीका बाम, असला, फकटा, गँडेरा, हिले र सहर माछा !*
*दृश्य : खोलाको फराकिलो भागमा मन्द गतिमा पानी बगिरहेको छ । खोलाका ससाना, सफा, सेता र कुनै लेउ लागेका ढुंगाहरू प्रस्ट देखिन्छन् । खोला किनारको बालुवामा चहकिलो घामको किरण ठोक्किनाले एक किसिमको चमक बालुवामा देखिइरहेको छ । फाँटमा ठाउँ ठाउँमा धानको ब्याड हरियै देखिन्छ । खोलाका सबैथरी माछाहरू आफ्नै जात / वर्गबाट भइरहेको अत्याचारबाट कसरी छुटकारा पाउने भनेर छलफल गर्नका लागि भेला भएका छन् ।*

**असला :** (आँखा चम्काउँदै) हामी सबैजसो भेला भइसक्यौं, हैन ? अब छलफल शुरू गरौं । हामी यस बांगीखोलाको दुष्ट सहर माछाको थिचोमिचोबाट उम्किने बाटो खोज्न आज भेला भएका हौं । आज एउटा नतिजामा हामीले पुग्नु छ ।

**बाम :** (हलुकासँग पुच्छर नचाउँदै) हो, आफ्नै जातिपातिबाट भइरहेको थिचोमिचोबाट छुटकारा पाउने उपाय आज निकाल्नै पर्छ ।

**गँडेरो :** (पखेटा नचाउँदै) यहाँ सहरको चालामाला खपिनसक्नुको भएको छ । खोलाका नियमहरूको उसले बलमिचाइँ गरेर धज्जी उडाउँदै आइरहेको छ । सुत्केरी, केटाकेटी, बुढाखाडामाथि हमला गर्न नमिल्ने नियमको त उसले सधैं नै बेवास्ता गरिरहेको छ ।

**फकटो :** (जोसिँदै) बल छ, तिखा दाँत छन् भन्दैमा हाम्रो खुलमखुल्ला हिंडडुल गर्ने हक खोस्न त पाइँदैन नि ! चारा चर्दाचर्दै कतिबेला सहरको आहारा भइने हो भन्ने डरले हाम्रो जीउ नै आधा भइसक्यो ।

**हिले :** (जगर ठाडो पार्दै) हामी निर्धाहरू एक जुट भएर अब सहरको बाउको बिहे देखाइदिनु पर्छ ।

हाम्रो साझा दुश्मनलाई हामीले नै पन्छाउनुपर्छ ।

**गँडेरो :** हो, टिमटिमे दियालाहरू पनि एकजुट भएर जले भने घामको चहकलाई माथ गर्न सक्छन् । भुसुनाहरूले हात्तीलाई रुवाउँछन् । एकले थुक्दा सुके पनि सयले थुक्दा नदी बन्न सक्छ मिसिना मसिना झिजामिजाहरू बल्नका लागि कस्सिए भने तिनीहरूले मुढालाई पनि डढाइदिन्छन् । यी कुरालाई याद गर्दै अब हामी एकजुट हुनुपर्छ

**हिले :** (पिर गर्दै) तर मलाई एउटा सुर्ताले पिरोलिरहेको छ । जिउँदा भ्यागुता तौल्दा ती फड्किएर धार्ने नपुगे जस्तै हामीबीच पनि एकता कायम हुन नसक्ने हो कि ! फरक सोचाइ र चाहना भएका हामीहरू पाइलामा पाइला मिलाएर हिंड्न नसक्ने हौं कि !

**असला :** (हौसला दिँदै) हिले भाइ, हामीले आपसमा शङ्का नगरौं । शंकाले लङ्का पिर्छ । केही वर्षअघि हामीले नै मिलेर यसै खोलाको पाँचहाते ढोडिया (पानी साँप) लाई सिल्टिमुर खुवाएको होइन र ? अनि त्यसपछि हामीले हाम्रो खाँचोअनुसारको 'खोलाको नियम' बनाएको पनि त हो नि । हामीले हाम्रो बुतामाथि शङ्का होइन कि हाम्रो पौरखको सम्झना गर्नु जरूरी छ ।

**फकटो :** (असलाको कुरामा मन्जुर हुँदै) हो, हामीले बेलाबेलामा भोगेका कुराबाट धेरै कुरा सिकेका छौं । हामी एकजुट भएमा सजिलै फेरबदल ल्याउन सकिन्छ ।

**बाम :** (आँखा तन्काउँदै) अब ठूला माछाले साना माछा खान्छ भन्ने उखान फेरेर साना माछा मिलेर ठूला माछाको नाकको जुका झार्छन् भन्ने उखान जन्माउनुपर्छ ।

**असला :** (मुन्टो हल्लाउँदै) आज हामीले सहर माछामाथि कसरी हमला गर्ने भन्ने नक्साको खाका कोरौं । यो धेरै धामाको काम छ र फलामका चिउरा चपाए जस्तै गाह्रो छ ।

**गँडेरो :** (हौसिँदै) सयको लाठी एकको बोझ भन्ने भनाइ नै छ नि । हामी सबै जुटेर सासै सासले फुक्यौं भने पनि पाजी सहरलाई आच्छुआच्छु पार्न सक्छौं ।

**बाम :** (अरठ्ठ पर्दै) हामी बाम माछाका त ढाडैभरि तिखा काँडाका ताँती छन् । आठ-दश वटाले फन्केर दनक दियौं भने न्वारानको दूध याद गर्छ सहरले ।

**फकटा :** (जोसिँदै) तपाईंहरूले आच्छुआच्छु पारेको बेला हामीले पनि आफ्ना दाँतले ठाउँ ठाउँमा दर्‍याप्यौं भने सहरलाई इन्तु न चिन्तुको दसामा सजिलै पुर्‍याइन्छ ।

**असला :** (पुच्छर दायाँबायाँ हल्लाउँदै) हामी एक जुट भएर अघि बढ्नुपर्छ । अघिअघि बाम, बामका पछाडि फकटा, त्यसपछाडि हिले, हिलेका पछाडि गँडेरा र सबैभन्दा पछाडि हामी असला लाम लागेर जानुपर्छ । सहरको कुरमा पुगेर पछाडिबाट हामीले 'हमला शुरू' भनेपछि सबै धुइरिएर चढाई गर्नुपर्छ । (हो मा हो मिलाउँदै सबै माछा हरूले मन्जुरीमा टाउको हल्लाउँछन्)

**असला :** (हल्का फड्फडाउँदै) साथी हो, बर्खामास सँघारैमा आइपुगेको छ । पानी बर्सेर भेल आयो भने हामीलाई आफ्नै ज्यान जोगाउने फिक्री हुन्छ । त्यसैले छिटै हमला गर्ने दिन आजै तोकौं । रात रहे अग्राख पलाउँछ भन्छन् । ढिलो गर्‍यौं भने सहरको आयु लम्बिन सक्छ ।

**हिले :** (जोसले उफ्रिउँलाझैं गरेर) भोलि छाडी पर्सि नै पुन्युका दिन उसमाथि जाइलागौं । रात परुन्जेल लडाइँ गर्नुपर्‍यो भने पनि जुनेलीको उज्यालोले हामीलाई मद्दत गर्छ ।

**असला :** (अनुहारमा गहिरो हाउभाउ ल्याउँदै) सहरको शिकार गरेपछि त्यसको मासुको भागबण्डा कसरी गर्ने भन्ने पनि टुङ्गो आजै लगाउनुपर्छ । अनि ठूलो बिलो कसले लिने भन्ने कुराको ठहर पनि आजै गर्नुपर्छ, नत्र पछि झगडा हुन्छ ।

**बाम :** (फन्कँदै) सहरपछिका बलिया माछा हामी नै हौं । त्यसैले ठूलो बिलोमाथि हाम्रै हक छ भन्ने मेरो जिकिर छ ।

**असला :** (फुर्ती देखाउँदै) सवाल बलको होइन बुद्धिको हो । यसरी माछाहरूलाई एकजुट पारेर बलियो ताकत तयार पार्ने काममा हामीले नै अगुवाई गरेका छौं । त्यसैले जुक्ति बुद्धिलाई नै मुख्य पाटो ठानिनुपर्छ र ठूलो बिलो हामीलाई नै दिइनुपर्छ भन्ने मेरो ठम्याइ छ ।

**गँडेरो :** (नरम बोलीमा) हाम्रो जातिमा हामी सबैभन्दा साना छौं, निर्धा छौं । त्यसैले सबैतिर पछि पनि परेका छौं । सबैथरी माछाको औकात एउटै पार्नु अहिलेको जरूरी कुरा हो । त्यसैले निर्बलियालाई बढी सहुलियत दिनुपर्ने हुन्छ । दुनियाँभरि फैलिएको सकारात्मक पन्पच्छेको नारालाई हामीले बिर्सनुहुन्न । यस हिसाबले ठूलो बिलोमा हाम्रो हक पुग्छ ।

**बाम :** (निमोठिँदै) बलके आगे,भूत भागे भन्ने नाराले अरू नारालाई निमिट्यान्न पारिदिन्छ भन्ने मेरो दाबी छ ।

**फकटा :** (कडा बोलीमा) यो जमाना लोकतन्त्रको हो । लोकतन्त्रमा बहुमतको कदर हुन्छ । हामीहरूको जमात अरू साथीहरूको भन्दा ठूलो छ । त्यसैले बहुमतको कदर गर्नका लागि ठूलो बिलो हामीले नै दिइनुपर्छ ।

**हिले :** (जुँगा ठाडा पार्दै) हाम्रो टाउको र जीउ अरूको भन्दा फरक छ । हाम्रो रङ पनि अलि फरक छ । अरू माछाझैं हामी पहाडी कुना काप्चामा पुग्न मन पराउँदैनौं । समथर जमीन नै हाम्रो मुख्य थलो हो । जहाँ पनि समथरमा बस्नेहरूको सुविधा अरूको भन्दा बढी हुने गर्छ । त्यसैले मूल बिलोको सुविधा हामीले नै पाउनुपर्छ ।

**असला :** (हेपाइको पारामा) हिले माछालाई कुलै गण्डकी भन्ने पुरानो भनाइले तपाईंहरूका लागि सानै बिलो पनि ठूलो भान हुन्छ भन्ने प्रष्ट पार्छ । त्यसैले तपाईंहरूले ठूलो भागको माग गर्नु जरूरी छैन ।

**हिले :** (रिसाउँदै) नाम असला,सोचाइ कमसला ? ठूलो भाग लिन आफूलाई लायक र हामीलाई नालायक देख्ने ?

**बाम :** (झोक्किँदै) काम गर्ने कालु मकै खाने भालु ? सहरको सिकार गर्नमा मुख्य हात हाम्रो हुने तर गुरु बिलोमा अर्कैले दाबी गर्ने ?

**गँडेरो :** (बुरुक्क उफ्रँदै) बलका भरमा ठूलो भागमा दाबी गर्नु अर्घेलो कुरा हो । हाम्रो यसमा कत्ति पनि मन्जुरी छैन ।

**असला :** (बेखुशी हुँदै) हामीलाई ठूलो बिलो दिइन्न भने हामी यो समूहमा बस्न सक्दैनौं । हामीलाई इजेत नमिल्ने ठाउँमा बस्नु छैन । (सभा छोडेर असलाहरू बाहिरिन्छन् !)

**बाम :** (अनुहारमा गहिरो सोचाइको भाव ल्याउँदै) गाँस छोड्नु साथ नछोड्नु भन्ने बुढापाकाको भनाइ बिर्सेर असलाहरू बाहिरिए । एक म्यानमा दुई तरबार नअटाउने भएकाले उनीहरू बाहिरिएकै बेस छ । अब यहाँ भएका बाँकी सबै हामीलाई मुख्य बिलो दिनेमा मन्जुर हुनुहुन्छ भन्ने मलाई लाग्छ । त्यसो हो भने असलाले हाम्रो बगाल छोडे पनि सहरको शिकार गर्न हामी सक्छौं ।

**गँडेरो :** (जिद्दीको सोचाइको छाप अनुहारमा पार्दै )मूल बिलोको अडानबाट हामी एक इन्ची पनि दायाँबायाँ हुन मन्जुर छैनौं । यो हाम्रो अन्तिम फैसला हो ।

**फकटा :** हाम्रो बहुमतको कदर नहुने गरी हमलामा साझेदारी गर्न हामी पनि तयार छैनौं । त्यसैले हामी पनि बिदाइको पखेटा हल्लाउँछौं । (फकटा पनि बाहिरिन्छन् यतिबेलै रुब्दितिरबाट सहर माछो हुइकिँदै आउँछ । उसको मुखमा असला र फगटा देखिन्छन् । तिनलाई खप्लक्कै निलेर उसले केही बाम, केही गँडेरालाई लुँड्याउँछ । ज्यान जोगाउन माछाहरू तितरबितर हुन्छन् । यसरी रहमा छँदैका माछाको बारेमा बगरमा बिलोको लागि झगडा भएझैं गरेर माछाहरूका बीचमा तँछाडमछाड हुँदा उनीहरूको मेलजोल भाँडिन्छ । बिलोको हानथापका कारणले मतोजतो तितरबितर हुन्छ । त्यसपछि सहरको रजाइँ कायमै रहन्छ । आपसी भलाइभन्दा निजी मतलबमा जोड दिनाले सहर माछाबाट छुटकारा पाउन सकिएन भन्ने गाँठी कुरो सबै माछाले राम्रोसँग बुझ्छन् र पछुतो मान्छन् । फेरि उनीहरूको बीचमा एउटै मतो कहिले हुने हो, कसैलाई थाहा छैन ।)

*-साहित्यपोस्ट डटकम*

निबन्ध ● सञ्जीव पौडेल

# असमानता, रिस र चेतना

> *असमानताको पहिलो घाउ त्यहीँ लाग्यो, जसले पीडा, रिस र प्रश्न पनि उठायो । बालमनोविज्ञान भन्छ, जब कुनै बच्चाले आफू र अरू बीचमा असमानता देख्छ, उसको मस्तिष्कमा पहिलो पटक "अन्याय" को अनुभूति हुन्छ । त्यो अनुभूति नै भविष्यमा परिवर्तनको बीउ बन्न सक्छ ।*

समाजको विकास र असमानताको इतिहास एकअर्काका सहयात्री हुन् । मानव सभ्यता सुरु हुँदा मानिस समूहमा बाँच्न थाले, तर शक्ति, सीप र स्वार्थका कारण समानता कहिल्यै स्थायी हुन सकेन । सिकार गर्ने जमातमा पनि बलियोले ठूलो जनावरको मासु बढी पाउँथ्यो भने कमजोरले हड्डीमा टाँसिएको मासु चपाउँदै सन्तुष्ट रहनुपर्थ्यो । त्यही बेलादेखि नै समानता र असमानता बीचको द्वन्द्व सुरु भयो, जसले आजसम्म समाजको हरेक तहलाई छोइरहेको छ । बाल्यकालमा मैले भोगेको गरिबी र छिमेकीको सम्पन्नताको दृश्यले बालमस्तिष्कमा गहिरो चोट बन्न पुग्यो "किन मसँग छैन ? किन ऊसँग छ?" । असमानताको पहिलो घाउ त्यहीँ लाग्यो, जसले पीडा, रिस र प्रश्न पनि उठायो । बालमनोविज्ञान भन्छ, जब कुनै बच्चाले आफू र अरू बीचमा असमानता देख्छ, उसको मस्तिष्कमा पहिलो पटक "अन्याय" को अनुभूति हुन्छ । त्यो अनुभूति नै भविष्यमा परिवर्तनको बीउ बन्न सक्छ । मेरो रिस पनि कुनै व्यक्तिविरुद्ध नभई, परिस्थितिविरुद्ध थियो । बीसौँ शताब्दीको अन्त्य र एकाइसौँको सुरुवातसँगै असमानताले नयाँ रूप लियो । अब असमानता केवल धनको नभएर अवसरको पनि भयो । समाजमा योग्यताभन्दा नाता, सीपभन्दा पहुँचले भूमिका खेल्न थाल्यो । जन्मका कारण अवसर पाउने, अधिकार पाउने, र योग्यतालाई पछि धकेल्ने प्रवृत्ति जनाउने "नेपो बेबी" भन्ने शब्द यही सन्दर्भमा चर्चामा आयो । यो संस्कृति विश्वका हरेक क्षेत्रमा फैलिएको छ । नेपालमा राजदरबारमा जन्मिएका सन्तानले सामान्य जनताभन्दा असंख्य गुणा बढी सुविधा पाउँथे । त्यो असमानताले जनताको भावनालाई आक्रोशमा रूपान्तरित गर्‍यो । फलस्वरुप आन्दोलन भयो । राजतन्त्र हट्यो । क्षणभरका लागि समानताको नयाँ युग सुरु भयो । यसरी इतिहासले असमानताको रूप फेरिने तर अन्त्य नहुने देखाएको छ ।

राजा गए तर "नेता-राजा" आए । अब असमानता राजनीतिक दल, सरकारी कार्यालय, र संघसंस्थाको रूपमा देखा पर्‍यो । सम्पत्ति,सेना र ज्ञान शक्तिका श्रोत हुन । यो प्राप्त गर्न मानिस त्यस तर्फ आकर्षित भई रहन्छन् । एक समय जनताको आवाज रहेका राजनीतिक दलका भातृ संगठनहरू सत्ता नजिक पुग्ने माध्यम बने । ट्रेड युनियनले श्रमिकको अधिकार होइन, नेताको स्वार्थ बोल्न थाले । जुन पार्टी सरकारमा पुग्छ, त्यसकै नजिकका युनियन सदस्यहरूको रवाफ बढ्छ । कर्मचारीतन्त्रमा समान अवसर होइन, "कसको पार्टी?" भन्ने प्रश्नले काम गर्छ । सामुदायिक जंगलको समितिदेखि सहकारी र टोलका समितिसम्म राजनीतिक प्रभावमा बन्न थाले । सरकारी काम, ठेक्का-पट्टा सबै ठाउँमा दल नजिकका भातृ संगठन, युनियन र पहुँचको राज चल्न थाल्यो, जसले आर्थिक मात्र होइन, मनोवैज्ञानिक असमानता पनि फैलाएको अनुभव भयो । अहिले समाजमा अर्को एक मानसिकताले त्रसित छ, त्यो हो "जेन जी" लाई कुनै सुझाव वा प्रश्न गर्न हुँदैन भन्ने । जेन जीका बारेमा केही बोल्यो वा लेख्यो भने पुराना पार्टीको झोले भनेर भाष्य बनाइन्छ । अहिले जेन जीको नाममा कसैले केही गर्दैन भनेर पुलिसलाई हातपात गरेको , जेन जीलाई नि:शुल्क शेयर दिनुपर्‍यो भनेर विद्युत परियोजनाहरूमा पत्र गएको , र सञ्चालन हुँदै गरेको परियोजना बन्द भएको समाचार आई रहेका छन् । यसले फेरि दलका भातृ संगठनजस्तै जेन जीको नाममा असमानता र मनपरी गर्ने हो कि भन्ने प्रश्न समाजमा उठेको छ । जागिर खाएको साथीको आर्थिक हैसियत आफूभन्दा निकै माथि हुँदा , वा सामान्य भन्सारमा बसेको खरदारको छुट्टै रवाफ देख्दा , महिनाको तलबमा गुजारा चलाउनेको कर्मचारीको मस्तिष्कमा प्रश्न जन्मिन्छ: "म किन कम छु ?" । यही प्रश्नले फेरि रिस ल्याउँछ । रिस भनेको कुनै असन्तुष्टि, अन्याय, अपमान, वा बाधा अनुभव गर्दा उत्पन्न हुने तीव्र नकारात्मक भावना हो । यसलाई मनोविज्ञानमा एक प्रकारको भावनात्मक प्रतिक्रिया भनिन्छ । मानिसलाई आफ्नो अधिकार, आत्मसम्मान, या इच्छाको रक्षा गर्न प्रेरित गर्छ। रिस पनि एउटा भावना हो । नकारात्मक रूपमा त्यसले विनाश ल्याउँछ, तर सकारात्मक रूपमा त्यसले क्रान्ति जन्माउँछ । नेल्सन मण्डेला वा महात्मा गान्धीले अन्यायप्रति रिसलाई हिंसा होइन, परिवर्तनको उर्जा बनाए । तर नेपालमा रिस प्राय: हिंसा र द्वन्द्वको बाटोमा बगाइन्छ, जसले विवेक हराउँछ र समाज फेरि चक्रमा फस्छ । त्यस्तै चेतना भनेको आत्म-सजगता वा जागरूकताको अवस्था हो । मानिसलाई आफू, वरिपरि भएका वस्तुहरू, विचारहरू, भावना र घटनाको बोध र नियन्त्रण हुन्छ। मनोविज्ञान र दर्शन दुवैका दृष्टिले चेतना मानव अस्तित्वको केन्द्र हो। खुशी हुँदा मुटु न्यानो महसुस गर्छ भने रिस उठ्दा एड्रेनालिन बढ्छ, शरीर तातिन्छ, बोली कडा हुन्छ । त्यो आन्दोलनमा आफ्ना हतियार लुटिंदा र आफुलाई नाङ्गै बनाउँदा प्रहरीले हातमा भएको हतियार रिसमा चलाएको भए केहि हजार मान्छे हताहती हुने थिए । प्रहरीले रिसले होइन संयमितता अपनाएर र चेतनाले काम गर्दा आफु हारेर पनि मानिसको ज्यान बचाएको देखिन्छ । नेपालको हालको "जेन जी आन्दोलन" पनि एक किसिमको भावनात्मक विस्फोट हो । यो पुस्ताले पुरानो नेतृत्व, नातावाद र भ्रष्टाचारको विरोध गरेको छ, जुन सकारात्मक कुरा हो । तर समस्या त्यहाँ सुरु हुन्छ, जब स्वतन्त्रताको नाममा दायित्व हराउँछ । कतिपय जेन जी कार्यकर्ताले "हामीलाई जे गर्न पनि छुट छ" भन्ने सोच विकसित गर्न थालेका छन् । प्रहरीमाथि हातपात गर्ने, हाइड्रोपावर परियोजना रोक्ने जस्ता मानसिकताहरू नयाँ असमानताका लक्षण हुन् । यदि सरकार र नागरिक दुवै "हामी नै कानुन" भन्ने सोचमा पुगे भने, त्यो समाज समान होइन, अराजक हुन्छ । विश्व बैंकको तथ्याङ्कअनुसार बहुदल आए पछि नेपालमा भौतिक पूर्वाधार, शिक्षा,स्वस्थ्य, प्रतिव्यक्ति आय र मानव विकास सूचकांकमा सुधार भएको छ । बैकिङ्ग पहुंच ग्रमिणसम्म पुगेको छ । स्वास्थ्य सेवामा सामान्य नागरिकको पहुँच राम्रो भएको छ तापनि , केही भ्रष्ट ब्यक्तिहरूका कारण असमानता बढेको सत्य हो । बहुदलपछि पत्रकारिता स्वतन्त्रताको अर्को नाम बन्यो । तर यो स्वतन्त्रता कहिलेकाहीँ जिम्मेवारीविहीन भयो । टिभी रेटिङ्ग र भ्यूजको लोभमा कतिपय मिडिया र युट्युबरहरूले नकारात्मकता बेच्न थाले । सामाजिक सञ्जाल नयाँ धर्मजस्तो भयो । मानिसहरू फेसबुक, टिकटक, र युट्युबबाट नै सत्य असत्य छुट्याउन नसकिने हुनथाले । अनलाइन खबरको अनुसन्धान अनुसार ३४ प्रतिशत नक्कली खाता सामाजिक सञ्जालमा सक्रिय छन् । तीनले नै आन्दोलनमा अफवाह फैलाउँने र समाजमा अस्थिरता ल्याउँने काम गरेको देखिएको छ । समानता भन्नाले सबैले एउटै कुरा पाउनु होइन । सबैले आफ्ना क्षमताअनुसार अवसर पाउनु हो । असमानता तब घट्छ जब समाज "मेरो भन्दा ऊ बढी पायो" भन्ने तुलना होइन, "ऊस्ले पायो, म पनि प्रयत्न गर्छु" भन्ने सोचमा पुग्छ । दार्शनिक दृष्टिले समानता आत्म-ज्ञानसँग सम्बन्धित छ । गीता भन्छ– "समोऽहं सर्वभूतेषु" (म सबै प्राणीसँग समान छु) ।

बुद्धले पनि दु:खको मूल तुलना र तृष्णा हो भनेका थिए । जब हामी अरूसँग तुलना गर्छौं, असमानताको बीउ रोपिन्छ । यसैले समानता कानुनी मात्र होइन, आध्यात्मिक अवधारणा पनि हो । समाजले समानता ल्याउन कानुन बनाउन सक्छ, तर मनमा शान्ति ल्याउन चेतना आवश्यक छ । रिसलाई दमन गर्नु होइन, दिशा दिनु जरुरी छ । रिस ऊर्जा हो । अन्याय देखिँदा रिस उठ्नु स्वाभाविक हो, तर त्यो रिस तोडफोडमा होइन, सोच र सिर्जनामा रूपान्तरण हुनुपर्छ । नेपालमा अहिले असमानता, भ्रष्टाचार र अवसरवादले फेरि रिसको वातावरण बनाएको छ । यही रिसलाई यदि शिक्षामा, सामाजिक सचेतनामा, र प्रणाली सुधारमा केन्द्रित गर्न सकियो भने, त्यो राष्ट्र-निर्माणको इन्धन बन्न सक्छ । तर यदि रिसलाई सामाजिक सञ्जालको अफवाह, भीडको उत्तेजना, वा हिंसात्मक आन्दोलनले कब्जा गर्‍यो भने, त्यो आगोले घर मात्र होइन, जीवनको मूल्य पनि जलाउँछ । जबसम्म हामी रिसलाई समझदारीमा, भावनालाई विवेकमा, र स्वतन्त्रतालाई जिम्मेवारीमा रूपान्तरण गर्न सक्दैनौं तवसम्म असमानता नयाँ रूप लिएर फर्किरहन्छ । समानता केवल राज्यले वितरण गर्ने वस्तु होइन । त्यो चेतनाको अवस्था हो । जुन दिन हामीले आृनो मनमा असमानताको रीस होइन, समानताको करुणा भर्न सक्यौं । त्यो दिन समाज साँच्चै विकसित कहलिनेछ । रिस भावना हो । चेतना जागरूकता हो। रिस चेतनाको अधिनमा रहृयो भने मानिसले त्यसलाई नियन्त्रण गर्न सक्छ । तर चेतना कमजोर भयो भने रिसले नै सोच र व्यवहारलाई नियन्त्रण गर्न थाल्छ तव उ विनासको बाटोतिर लाग्छ ।

*-समकालीन साहित्य डटकम*

# लुम्बिनी प्रोस्कुनको विस्तारित बैठक बुटवलमा



**बुटवल,** मंसिर १७/ लुम्बिनी वचत तथा ऋण सहकारी संघ लि. (लुम्बिनी प्रोस्कुन)को विस्तृत बैठक बुटवलमा भएको छ । लुम्बिनी प्रदेश भित्रका वचत र ऋणको कारोबार गर्ने सहकारीहरुको छाता संगठनका रुपमा रहेको प्रोस्कुनको आज बुटवलमा विस्तारित बैंठक बसेको हो ।

संघका अध्यक्ष कृष्ण नेपालको अध्यक्षतामा बसेको बैठकले प्रोस्कुनको २०८२ पुस १० गते हुने पाँचौ वार्षिक साधारण सभा बुटवलमा गर्ने प्रस्तावलाई पारित गरि अगाडि बढ्ने निर्णय गरेको छ । संघको बैठकले निकाल्ने निष्कर्षबाट साधारणसभाका लागि भावि योजना र रणनैतिक अवस्थालाई कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको संघका वरिष्ठ उपाध्यक्ष ऋषिराम सापकोटाले बताए । बैठकले महासचिव वसन्त प्रसाद ढकालले पाचौ बार्षिक सभारणसभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गर्ने प्रतिवेदनलाई पारित गरेको छ । संघका अध्यक्ष नेपालले बैंठमा संघको भावि योजना, रणनीति र अभियानका विषयमा भएका विभिन्न खालका प्रयासहरुका विषयमा स्पष्ट पारेका थिए ।

संघका सचिव तथा नीति तथा कार्यविधी मस्यौदा निमार्ण समितिका संयोजक जगदीश भट्टराईले विभिन्न विषयका नीति तथा कार्यविधिहरुका मस्यौदा प्रस्तुत गर्नुका साथै पाँचौं साधारणसभामा प्रस्तुत गर्ने योजना रहेको जानकारी दिए । बैठकले पुस १० गते हुने पाँचौं साधारण सभाबाट सदस्यता वृद्धि, आवधिक र नियमित बचत प्रक्रियालाई कसरी गर्ने ?, प्रारम्भिक र अभियानमा लागेका संघमा भएको अत्याधिक तरलतालाई कसरी व्यवस्थापन गर्ने भन्ने बिषयमा व्यापक छलफल गरी साधारणसभामा पेश गर्ने सहमति भएको छ । साथै सहकारीका नयां प्रावधान, सहकारी विभाग, प्राधिकिरणका काम कारवाहीलाई सही दिशातर्फ कार्यान्वयन गर्दा पर्ने रणनैतिक तयारीलाई प्राथमिकता दिने बिषयमा समेत बैठकले महत्वपुर्ण निर्णय गरको संघका व्यवस्थापक तारा अर्यालले जानकारी दिईन ।

# उद्बुद्ध माविले मनायो ७५ औं वार्षिक उत्सव



**पाल्पा,** मंसिर १७/ जिल्लाको पूर्वखोला गाउँपालिकाको रिङनेरहमा रहेको उद्बुद्ध माध्यमिक विद्यालयले ७५ औं वार्षिक उत्सव तथा अभिभावक दिवस मनाएको छ । विद्यालयले विभिन्न कार्यक्रम गरी वार्षिक उत्सव मनाएको हो ।

वार्षिक उत्सव समारोहको निवर्तमान प्रतिनिधिसभा सदस्य एव पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण प्रसाद आचार्यले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका उनले उद्बुद्ध पुर्वी क्षेत्रको शिक्षाको ज्योती भएको बताए । वि.स. २००७ साल राणाकालीन समयमै यस क्षेत्रमा विद्यालय सञ्चालन गरी पुर्वी पाल्पाका जनतामा शिक्षाको ज्योती फैलाउन यस क्षेत्रका अग्रजहरुले महान काम गरेको उनको भनाई छ । विद्यालयको लागि प्रशस्त भौतिक पुर्वाधार रहेको, शिक्षकहरुको संख्या पर्याप्त रहेकाले गुणस्तरीय शिक्षालाई पहिलो प्राथमिकता दिएर, सबै पक्षको सहयोग लिएर शैक्षिक गतिविधी सञ्चालन गर्न निवर्तमान सासद आचार्यले जोड दिए । पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापाले पालिकाको केन्द्रमा रहेको उद्बुद्धले पालिका भरीका विद्यालयले सिको गर्ने शैक्षिक गुणस्तरलाई ध्यान दिएर शैक्षिक क्रियाकलाप गर्नुपर्ने बताए । विद्यालयलाई आवश्यक पर्ने विविध सहयोग पालिकादेखी नियमित रुपमा भइरहेकाले उद्बुद्धका हरेक गतिविधी नमुना हुनुपर्ने पालिका अध्यक्ष थापाले उल्लेख गरे । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक पिताम्वर न्यौपानेले ३ करोड १८ लाखको आय-व्यय विवरण प्रस्तुत गर्दै विद्यालयले एक बर्षमा गरेका गतिविधिहरु जानकारी गराए । विद्यालयमा हाल करीव ४ सय ५० जना विद्यार्थीहरुले अध्ययन गर्दै आएका छन् । कार्यक्रममा पालिका उपाध्यक्ष भागिरथी शर्मा भट्टराई, समाजसेवी ईश्वरी न्यौपाने, पालिका शिक्षा शाखा प्रमुख निलकण्ठ देवकोटा, पुर्व शिक्षक विनोद काफ्ले, गणपती माविका प्रधानाध्यापक प्रेम बारघरे लगायतले विद्यालयको सफलताको शुभकामना व्यक्त ।वार्षिक उत्सवको अवसरमा विद्यार्थीहरुलाई छात्रबृत्ति, शिशु कक्षादेखी १२ कक्षासम्मका उत्कृष्ट विद्यार्थीहरु तथा छात्रबृत्ति स्थापना गर्ने विभिन्न व्यक्तिहरु तथा विभिन्न विद्यामा प्रथम द्धितिय, तृतिय भएका विद्यार्थीहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो । विद्यालय व्यबस्थापन समितिका अध्यक्ष पदम बहादुर थापाको अध्यक्षता, शिक्षक सुशिल न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### एनकेएल नेक्स्टजेन अन्तर स्कुल कबड्डी अर्को साता




**काठमाडौं,** मीसर १७/ केबी साम नेपाल कबड्डी लिग (एनकेएल) को आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टले खेलाडी उत्पादनको उद्देष्यले 'एनकेएल नेक्स्टजेन इन्टर स्कुल कबड्डी च्याम्पियनसिप' आयोजना गर्ने भएको छ । यसमा काठमाडौं उपत्यका छनौट प्रतियोगिता आइतबार सुरु हुँदैछ । उपत्यका छनौट प्रतियोगिता थिमि, भक्तपुरस्थित मिड भ्याली सेकेन्डरी स्कुलमा दुई दिन सञ्चालन हुनेछ, जहाँ आठ स्कुलले नकआउटको आधारमा प्रतिस्पर्धा गर्नेछन् । काठमाडौं उपत्यका छनौटको विजेता टिम (स्कुल) राष्ट्रिय स्तरको एनकेएल नेक्स्टजेन इन्टर स्कुल कबड्डी च्याम्पियनसिपको फाइनल चरणमा प्रवेश गर्नेछ । त्यस्तै, क्षेत्रीय स्तरमा छनौट प्रतियोगिता पोखरा, विराटनगर, बुटवल, धनगढी र जनकपुरमा पनि आयोजना गरिनेछ । प्रत्येक क्षेत्रका छनौटका विजेता गरी कुल ६ टिमले एनकेएल सिजन २ कै अवसरमा हुने एनकेएल नेक्स्टजेन इन्टर स्कुल कबड्डी च्याम्पियनसिपको फाइनल चरणमा प्रतिस्पर्धा गर्नेछन् ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से दोहोरो अङ्कले घट्यो



**पाल्पा,** मंसिर १७/ नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक १३ दशमलव ५२ अंकले घटेको हो ।

नेप्से घटेसँगै दुई हजार ६ सय ३१ दशमलव १७ को बिन्दुमा कायम भएको छ ।३३२ कम्पनीको एक करोड आठ लाख ७३ हजार ३७२ कित्ता शेयर ६७ हजार ४८५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब २३ करोड ५६ लाख ९९ हजार ३३७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा वित्त समूह एक दशमलव ५९, होटल तथा पर्यटन शून्य दशमलव ५२, उत्पादन तथा प्रशोधन शून्य दशमलव २४ र म्युचुअल फण्ड उपसमूह शून्य दशमलव ४४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ७५, विकास बैंक शून्य दशमलव ५७, जलविद्युत् शून्य दशमलव ५०, लगानी शून्य दशमलव ५१, जीवन बिमा एक दशमलव १८, लघुवित्त शून्य दशमलव ४८, निर्जीवन बिमा शून्य दशमलव ७४, व्यापार शून्य दशमलव ३२ र अन्य समूह शून्य दशमलव ५१ प्रतिशतले घटेको छ । सागर डिस्टिलरी लिमिटेड, मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड, झापा इनर्जी लिमिटेड, स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडलगायत कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी सामलिङ पावर कम्पनी लिमिटेडको शेयर मूल्य दुई दशमलव ८५ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडको रु १८ करोड ४९ लाख ७६ हजार ७६९ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने ङादी ग्रुप पावर लिमिटेडको तीन लाख ६४ हजार ४०६ कित्ता किनबेच भएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय
तानसेन, पाल्पा

श्री भैरवनाथ मन्दिर व्यवस्थापन समिति गठनका लागि भेला आयोजना गरिएको सम्बन्धी सार्वजनिक सूचना

*(सूचना प्रकाशित मिति : २०८२/०८/१७)*

प्रस्तुत विषयमा गुठी संस्थानबाट स्वीकृत "देवस्थल व्यवस्थापन समिति गठन गर्ने सम्बन्धी निर्देशिका, २०८१'' को दफा ३ उपदफा (२) मा मालपोत कार्यालयको प्रमुखको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, वडा कार्यालयको प्रतिनिधि, सम्बन्धित देवस्थलको महन्त, पुजारी, गुठियार, लामा, गुभाजु, संस्कृतिविद्, सञ्चारकर्मी, उद्योग वाणिज्य संघ, संस्कृति सम्पदा संरक्षणमा क्रियाशील संघसंस्था तथा स्थानीयबासी सहितको भेला गरी सो भेलाबाट राजगुठी अन्तर्गतका देवस्थल व्यवस्थापन समितिका पदाधिकारी चयन गरी सिफारिस गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम सम्मानित उच्च अदालत तुलसीपुर बुटवल इजलासको परमादेश, गुठी संस्थान प्रधान कार्यालयको परिपत्र तथा प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा मिति २०८२/०८/१७ गते बसेको समन्वय बैठकबाट प्राप्त कार्यदिश समेतका आधारमा पाल्पा जिल्ला रिब्दिकोट गाउँपालिका वडा नं ४ मा अवस्थित श्री भैरवनाथ मन्दिर व्यवस्थापन समिति पुनर्गठनका लागि तपसीलको मिति, समय र स्थानमा भेला आयोजना गरिएको हुँदा उक्त भेलामा उपस्थित भईदिनुहुन सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**
**मिति : २०८२/०८/२९ गते सोमबार**
**समय : दिउँसो १.०० बजे**
**स्थान : श्री भैरवनाथ मन्दिर परिसर, भैरवस्थान, पाल्पा ।**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई